सुदुरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
दार्चुला

फोन न.०९३४२०४४७
इमेल:akcdarchula@gmail.com

प.सः २०८०।८१
च.नः ५

## कृषि ज्ञान केन्द्र दार्चुलाको विभिन्न कार्यक्रम संचालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०७/०१)

यस कृषि ज्ञान केन्द्र दार्चुलाको आ.व. २०८०/८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले कार्यक्रमको लागि तोकिएको न्युनतम मापदण्ड पुरा गरेका इच्छुक कृषक, कृषि कार्यमा संलग्न कृषक, कृषक समूह/कृषि सहकारी/फर्म/उद्यमीहरुले तोकिएको कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट सम्म) यस कृषि ज्ञान केन्द्रमा वा सम्बन्धित स्थानीय तहको कृषि विकास शाखामा कार्यालय समयमा आवेदन/प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

सिद्धराज उपाध्याय
**कार्यालय प्रमुख**

आवश्यक कागजातहरू :

१.रु. १० को टिकट टांस गरेको निवेदन र कार्यालयबाट तयार गरिएको अनुसूचि ५ अनुसारको निर्दिष्ट ढांचाको फारम-१ प्रति ।

२. समूह/सहकारी/फर्मको हकमा दर्ता, नवीकरण, स्थाई लेखा नं., आ.व. २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि- १ प्रति ।

३. कृषक समूह/सहकारीको हकमा कार्यक्रम मांग गरेको निर्णयको प्रतिलिपि समेत- १ प्रति ।

४. मांग गरेको कार्यक्रमको व्यहोरा खुल्ने सम्बन्धित स्थानीय तह (वडा वा कृषि शाखा) को सिफारिस पत्र ।

५. व्यक्तिगत कृषकको हकमा नेपाली नागरिकताको प्रतिलिपि- १ ।

६. यस अघि एउटै प्रकृतिको कार्यक्रम प्रास नगरेको स्वघोषणा पत्र ।

७. कार्यक्रम संचालन गर्ने जग्गाको जग्गाधनि वा आधारिकता खुल्नेप्रमाण पत्रको प्रतिलिपि ।

८. जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा कम्तिमा १५ वर्षको जग्गा करार सम्झौताको पत्र ।

९. रु. १ लाख देखि रु. ५ लाख सम्म अनुदान प्राप्त हुन सक्ने कार्यक्रमको लागि गर्ने आवेदकले रु. ३०० र रु ५ लाख भन्दा माथिको अनुदान प्रास हुन सक्ने कार्यक्रमको लागि अनुदान मांग गर्ने आवेदकले रु. १००० फिर्ता नहुने गरि आवेदन दस्तुर बैंकमा जम्मा गरेको सक्कलै भौचर वा नगदी रसिद आवेदन साथ पेश गर्नु पर्नेछ ।

नोटः थप कुराको हकमा सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्दन नियमावली, २०७९(पहिलो संशोधन २०८०), वार्षिक विकास कार्यक्रम सञ्चालन मापदण्ड २०८०, कृषि तथा पशुपंछी प्रसार कार्यक्रम निर्देशिका २०८० तथा प्रचलित कानुन बमोजिम हुनेछ । उल्लेखित नियमावलि हेर्न चाहेमा सुदुरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय को वेवसाईटः www.molmac.sudurpashchim.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

सुदुरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
दार्चुला

फोन न.०९३४२०४४७
इमेल:akcdarchula@gmail.com

प.सः २०८०।८१
च.नः ५

कार्यक्रमहरु:

| क्र. स. | कार्यक्रमहरु | लक्ष्य परिमाण | मापदण्ड | कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | फलफूल बगैचा स्थापना | २० हे. | प्राबिधिक मापदण्ड अनुसार कम्तिमा १० रोपनी एकलौटी जमिनमा बगैचा स्थापना गर्नुपर्ने | किवी, ड्रागनफ्रुट,स्याउ,सुन्तला जात र ओखर लगायत अन्य फलफूल बालीको बिरुवा, सिंचाई,काँटछाटको लागी आवश्यक औजार तथा उपकरण,असिना अबरोधी जाली आदि सहयोग |
| २ | कम्पोष्ट /गोठे मल उत्पादन | ४० वटा | तोकिएको आकारमा कम्पोष्ट खाडल खनी कम्पोष्ट मल तथा छानो सहितको खाडलमा सुधारीएको गुणस्तरिय गोठे मल उत्पादन गर्नुपर्ने | कम्पोष्ट /गोठे मल उत्पादनका लागी छानो खाडल खन्ने, कृषि चुन,मुत्र संकलन टंकी, खाडल ढाक्ने प्लास्टिक र अन्य आवश्यक सामग्री सहयोग |
| ३ | रैथाने बालि प्रवर्धन कार्यक्रम (अपि गा.पा.,मार्मा गा.पा., ब्यांस गा.पा.) | ३वटा | कम्तिमा २ रोपनीमा खेति गर्नुपर्ने | रैथाने बिउ,उत्पादन सामाग्रीहरु आदि सहयोग |
| ४ | रैथाने बालि/बस्तु बजारीकरण सहयोग | २पटक | रैथानेबाली कम्तिमा १० क्युन्टल संकलन,ग्रेडिंग तथा बिभिन्न तौलमा प्याकेजिंग गरी बजारीकरण गर्नुपर्ने | ढुवानी प्याकेजिंग र लेबलिंग आदिमा सहयोग |
| ५ | धरबारी बगैचा/पोषण बगैचा स्थापना सहयोग | १००वटा | जिल्लामा रहेका दुर्गम बस्तिहरुमा रहेका ,खाद्य तथा पोषण सुरक्षाका | मिनिकिट तथा नमुना प्रदर्शन |

२०८०।०८।०१

कार्यालय प्रमुख

सुदुरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
दार्चुला
फोन न.०९३४२०४४७
इमेल:akcdarchula@gmail.com

प.स: २०८०।८१
च.न: ×

| क्र. स. | कार्यक्रमहरु | लक्ष्य परिमाण | मापदण्ड | कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु |
|---|---|---|---|---|
| | | | हिसाबले संबेदनशिल वर्ग, प्राकृतिक प्रकोपले प्रभावित क्षेत्र, द्धन्द पिडित, एकल महिला र गर्भवति महिला परिवारलाई प्राथमिकता दिईनेछ । | फार्ममा बिभिन्न सामग्रिहरु तथा अन्य सहयोग |
| ६ | नविनतम कृषि प्रबिधि प्रदर्शन | ४ पटक | प्राबिधिक मापदण्ड अनुसार कम्तिमा २ रोपनीमा कृषि प्रबिधि प्रदर्शन गर्नुपर्ने | किबी ,ड्रागनफ्रुट, एवोकाडो,स्ट्रबेरी,खजुर लगायत अन्य बालीहरुमा नविनतम प्रविधिहरुको बिभिन्न सहयोग |
| ७ | केरा खेती क्षेत्र बिस्तार | १ पटक | प्राबिधिक मापदण्ड अनुसार कम्तिमा ५ रोपनीमा एकलौटी जमिनमा बगैचा स्थापना गर्नुपर्ने, स्थानीय प्रजातिका केरा खेति गर्ने लाई प्राथमिकता दिइने छ । | उन्नत तथा स्थानीय प्रजातिका केराका बेर्ना, तथा बिभिन्न उत्पादन सामग्रिहरु सहयोग |
| ८ | बिउ आलु उत्पादन (ब्यांस गा.पा.,दुहु गा.पा) | १० हे. | कम्तिमा १० रोपनी एकलौटी जमिनमा बीउ आलु लगाउनुपर्ने | बिउ आलु तथा उत्पादन सामग्रीमा सहयोग |
| ९ | व्यवसायिक ओखर खेतिका लागि बगैचा स्थापना | ९ वटा | कम्तिमा १० रोपनी एकलौटी जमिनमा बगैचा स्थापना गर्नुपर्ने | फलफूलको बिरुवा, सिंचाई,काँटछाटको लागी आवश्यक औजार तथा उपकरण,असिना अबरोध जाली प्रबिधि प्रसार आदि सहयोग |
| १० | पोषण सुधारका लागी बिपन्न | १पटक | बिपन्न वर्ग, दलित, एकल | तरकारी, मौरी,च्याउ आदिमा |

कार्यालय प्रमुख

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
दार्चुला
फोन नं.०९३४२०४४७
इमेल:akcdarchula@gmail.com

प.स: २०८०।८१
च.नं: ४

| क्र. स. | कार्यक्रमहरु | लक्ष्य परिमाण | मापदण्ड | कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु |
|---|---|---|---|---|
| | वर्ग लक्षित कार्यक्रम (तरकारी, मौरी,च्याउ आदि ) | | महिला,मुक्त हलिया आदिलाई प्राथमिकता दिईनेछ । | माग अनुसार बिभिन्न सहयोग |
| ११ | व्यवसायिक फलफूल बगैचा स्थापना र व्यवस्थापन (शैल्यशिखर ४ र ९ ) | १० वटा | प्राबिधिक मापदण्ड अनुसार कम्तिमा १० रोपनी एकलौटी जमिनमा बगैचा स्थापना गर्नुपर्ने | किबी, ड्रागनफ्रुट, स्याउ,सुन्तला जात,ओखर लगायत अन्य जात फलफूलको बिरुवा, सिंचाई,काँटछाटको लागी आवश्यक औजार तथा उपकरण,असिना अबरोध जाली आदि सहयोग |

थप जानकारीका लागि यस कृषि ज्ञान केन्द्रका सूचना अधिकारी श्री चन्द्र बहादुर ठगुन्ना (९८६८७५२५७६) वा बागवानी विकास अधिकृत श्री चुडामणी पन्त (९८४८९७७६०४) लाई सम्पर्क गर्न सकिनेछ ।

२०८०/०६/०९

सिद्धराज उपाध्याय
**कार्यालय प्रमुख**